CUMBERLAND
CITY COUNCIL


# पार्किङ जरिमानाहरू

## सडक सुरक्षाको तथ्यपत्र

हालदेखि 30 जुन, 2025 सम्म

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## पार्किङ निषेधित क्षेत्रहरू *अष्ट्रेलियाली सडक नियम - 168*



पार्किङ निषेध सङ्केतहरू रहेका स्थानहरूमा तपाईंले यात्रु वा सामानहरू ओराल्ने र चढाउने प्रयोजनको लागि मात्र रोक्न पाउनुहुनेछ। तपाईंको सवारीसाधन **2 मिनेट** भन्दा बढी समयको लागि रोकिनु हुँदैन र जति बेला पनि सवारी चालक आफ्नो सवारी भन्दा **3 मिटर** भन्दा टाढा रहनु हुँदैन।

यस क्षेत्रमा पार्किङ गर्न अनुमति छैन।


केही पार्किङ निषेधित क्षेत्रहरू संचालित हुने समय फरक हुन सक्छन्। यसको अर्थ प्रतिबन्धहरू पार्किङमा छुट्याईएको समय भित्र मात्र लागु हुन्छन्।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना : $136 देखि**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $215 + 2 डिमेरिट अंकहरू**

## रोक्न निषेधित क्षेत्रहरू *अष्ट्रेलियाली सडक नियम - 167*



रोक्न निषेधित संकेतहरू रहेका स्थलहरूमा तपाईंले चिन्ह लगाइएको क्षेत्रभित्र रोक्न वा पार्क गर्नु हुँदैन।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना : $302 देखि**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $410 + 2 डिमेरिट अंकहरू**

## पैदल यात्रीहरूले बाटो काट्ने ठाउँहरू

*अष्ट्रेलियाली सडक नियम - 171-173*



तपाईंले कुनै पनि समयमा पैदल यात्रीले बाटो काट्ने ठाउँमा वा सो नजिकै रोक्न वा पार्क गर्नु हुँदैन।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना : $410 + 1 डिमेरिट अंकदेखि**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $544 + 2 डिमेरिट अंकहरू**

## चौबाटोहरू

*अष्ट्रेलियाली सडक नियम - 171-173*

सडक सङ्केतले पार्क गर्न अनुमति दिएकोमा बाहेक तपाईंले चौबाटोमा यात्रा गर्दा ट्राफिक लाइटहरू रहेका उक्त चौबाटोको 20 मिटर भित्र वा राउण्डएबाउट रहेको वा ट्राफिक लाइटहरू नभएका चौबाटोको 10 मिटर भित्र सवारी रोक्न वा पार्क गर्नु हुँदैन।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना : $410 + 1 डिमेरिट अंकदेखि**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $544 + 2 डिमेरिट अंकहरू**

## बस क्षेत्रहरू *अष्ट्रेलियाली सडक नियम -195*



तपाईंले बस क्षेत्र भित्र आफ्नो सवारी रोक्नु हुँदैन वा पार्क गर्नु हुँदैन। केही बस क्षेत्रहरू संचालित हुने समय फरक हुन सक्छन्। यसको अर्थ प्रतिबन्धहरू पार्किङमा छुट्याईएको समय भित्र मात्र लागु हुन्छन्।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना : $302 देखि**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $410 + 2 डिमेरिट अंकहरू**

# पार्किङ जरिमानाहरू

## सडक सुरक्षाको तथ्यपत्र

हालदेखि 30 जुन, 2025 सम्म

*अधिक जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## डबल पार्किङ *अष्ट्रेलियाली सडक नियम - 189*



तपाईंले सडकको छेउमा पहिले नै पार्क गरिसकेको सवारीको छेउमा पार्क गर्नु हुँदैन।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना :** $320 देखि

**विद्यालय क्षेत्रमा हुने जरिमाना :** $410 + 2 **डिमेरिट अंकहरू**

## फुटपाथ र प्राकृतिक स्ट्रिपहरू *अष्ट्रेलियाली सडक नियम - 197*



तपाईंले आफ्नो सवारीलाई दुई पांग्रालाई प्राकृतिक स्ट्रिपमा पर्ने गरि वा तेर्स्याएर वा फुटपाथमा पार्क गर्नु हुँदैन किनभने यसले पैदल यात्री र/वा साइकलमा यात्रा गर्नेहरूको लागि अवरोध सिर्जना गर्दछ।

यस अन्तर्गत इन्जिन चलिरहेको तर सवारी स्थिर रहँदा रोकिने कुरा समावेश हुन्छ।

**जरिमाना :** $302 देखि

**विद्यालय क्षेत्रमा हुने जरिमाना :** $387 + 2 **डिमेरिट अंकहरू**

## ड्राइभवेहरू *अष्ट्रेलियाली सडक नियम -198*



तपाईंले आफ्नो गाडीलाई ड्राइभवेमा वा तेर्सो गरेर यसमा पार्किङ गर्नु हुँदैन किनभने यसले सवारीहरूलाई प्रवेश गर्न वा परिसरबाट बाहिर निस्कन बाधा सिर्जना गर्दछ।

तपाईंले यात्रु वा सामानहरू ओराल्ने र चढाउने प्रयोजनको लागि मात्र रोक्न पाउनुहुनेछ।

**जरिमाना :** $320 देखि

**विद्यालय क्षेत्रमा हुने जरिमाना :** $387 + 2 **डिमेरिट अंकहरू**

## अपाङ्गता भएकाहरूको लागि तोकिएको पार्किङ क्षेत्र



तपाईंले **गतिशीलता पार्किङ योजना** (MPS) कार्ड देखाउन नसक्दासम्म र तपाईं अपाङ्गता भएको कुनै व्यक्तिलाई साथमा नबोक्दासम्म तपाईंले *अपाङ्गता भएकाहरूको लागि तोकिएको पार्किङ* रहेका सङ्केतहरू भएको स्थलमा आफ्नो सवारी रोक्न वा पार्किङ गर्नु हुँदैन।

**जरिमाना :** $682 देखि

## लगातार पहेंलो रेखा



तपाईंले मोडमा लगातार पहेंलो रेखा पोतिएको जुनसुकै सडकमा आफ्नो सवारी रोक्न वा पार्क गर्नु हुँदैन।.

**जरिमाना :** $302 देखि

CUMBERLAND CITY COUNCIL

# मोबाइल फोन प्रयोग

## सडक सुरक्षाको तथ्यपत्र

हालदेखि 30 जुन, 2025 सम्म

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## मोबाइल फोन प्रयोग *अष्ट्रेलियाली सडक नियम - 300*

### सिकारु, P1 र P2 लाइसेन्सबाहकहरू :

नक्शासम्बन्धी एप्लिकेसनहरूको प्रयोग एवं ट्राफिक लाइटमा कुर्दा, इन्जिन चलिरहेको अवस्थामा सवारीलाई छेउमा राखेको अवस्था वा जाममा परेको बेलाको अवस्थाहरू सहित - सवारी पार्क गरिएको वा इन्जिन पूर्ण रुपमा बन्द भएको अवस्था बाहेक कुनै पनि परिस्थितिमा तपाईंले मोबाइल फोन प्रयोग गर्न अनुमति छैन।

यात्रुलाई फोन दिनु बाहेक कुनै पनि हिसाबले फोन समात्नु गैर-कानूनी ठहर्छ।

**जरिमाना : $410 + 5 डिमेरिट अंकहरू**

**विद्यालय क्षेत्रमा हुने जरिमाना : $514 + 5 डिमेरिट अंकहरू**



## पूर्ण लाइसेन्स बाहकहरू :

ब्लुटुथ वा ह्यान्ड्स-फ्री मोडहरूको माध्यमबाट जडान भएको र प्रयोग भएको बेला मात्र मोबाइल फोन प्रयोग गर्न अनुमति दिइन्छ।

सन्देश/ ईमेलहरू (टेक्स्ट वा अडियो) पठाउन र प्राप्त गर्नको लागि फोन चलाउन वा उठाउन वा फोटो/भिडियोहरू खिच्न अनुमति छैन।

यदि फोनलाई क्रेडलमा सुरक्षित तवरलले राखिएको भएमा (सवारीमा जडान गरिएको छ र चालकको लागि सडकको दृश्यमा बाधा पुर्याउँदैन भने) तथा ह्यान्ड्स-फ्री मोडमा पूर्ण रूपमा सञ्चालन हुन्छ भने मोबाइल फोनहरूको प्रयोग गर्न सकिन्छ।

**जरिमाना : $387 + 5 डिमेरिट अंकहरू**


**विद्यालय क्षेत्रमा हुने जरिमाना : $514 + 5 डिमेरिट अंकहरू**

*पुनश्च : मोबाइल फोनको कानूनी रुपमा गरिने प्रयोगले पनि ध्यान भंग गर्न सक्दछ*











# नशालु पदार्थ सेवन गरेर सवारी चलाउनु (DUI)

## सडक सुरक्षाको तथ्यपत्र

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई  8757 9000 मा सम्पर्क गर्नुहोस्*

## लागु औषध तथा मादक पदार्थ

तपाईंले मादक पदार्थ वा लागु औषध सेवन गरेको कुरा सडक छेउको प्रहरी परीक्षणद्वारा पत्ता लगाउन सकिन्छ।

## मादक पदार्थ :

तपाईंले कति मात्रामा मदिरा सेवन गर्नु भएको छ त्यसमा आधारित रहेर तपाईंले पछिल्लो पटक मादक पदार्थ सेवन गरेको 12 घण्टा पछि पनि तपाईंको रगतमा 0.02 वा 0.03  अल्कोहल रहेको हुनसक्दछ।

## गाँजा :

तपाईंले पहिलो पटक नै सेवन गरेको किन नहोस् तर तपाईंले पछिल्लो पटक सेवन गर्नु भएको समयदेखि 30 दिन सम्म यो कुरा पत्ता लगाउन सकिन्छ।

तपाईंले पछिल्लो पटक प्रयोग गरेको समयदेखि 5 दिन सम्म निम्न पदार्थहरू पत्ता लगाउन सकिन्छ :

- एम्फिटामाइन्स
- कोकिन
- एक्स्टसी
- हेरोइन

## अनियमित रुपमा गरिने श्वास तथा लागु औषध परीक्षण

प्रहरीसँग कुनै अनियमित श्वास परीक्षण (RBT) वा मोबाइल लागु औषध परीक्षण (MDT) को लागि कुनै पनि सवारी चालकलाई रोक्न सक्ने अधिकार निहीत हुन्छ।

निम्न अवस्थाहरूमा प्रहरीले दुर्घटनामा संलग्न सम्पूर्ण चालकहरूलाई पनि परीक्षण गर्नेछ :

- सवारीलाई तानेर लैजानु पर्ने अवस्था भएमा
- व्यक्ति घाइते भएमा वा
- चालकलाई मादक पदार्थ वा लागु औषधले असर गरेको ठानिएमा।

तपाईंले दुर्घटनामा कुनै गल्ति नगर्नु भए पनि :

- घटना स्थलमा तपाईंको मादक पदार्थ सेवन परीक्षण गरिनेछ।
- यदि उनीहरूलाई तपाईंले लागु औषधको प्रयोग गरेको शंका लागेमा तपाईंको लागु औषध परीक्षण गर्नको लागि तपाईंलाई पक्राउ गर्नेछन्।
- यदि तपाईंलाई अस्पताल लगिएमा तपाईंको मादक पदार्थ सेवन वा लागु औषध प्रयोगसम्बन्धी रगतको परीक्षण गरिनेछ।

तपाईंले दुर्घटनामा गल्ती नगर्नु भए पनि उक्त दुर्घटना पछि तपाईंले मादक पदार्थ वा लागु औषध सेवन गरेको परीक्षणले पुष्टि गरेमा तपाईंको बीमाले उक्त दुर्घटनाले निम्त्याएको क्षति बेहोर्ने **छैन** र सोको क्षति वापत तपाईंलाई जरिमाना लगाइनेछ।

## DUI = आपराधिक रेकर्ड


तपाईंले मादक पदार्थ वा लागु औषध सेवन गरेर सवारी चलाएको आरोप लागेमा यसले तपाईंको जीवनमा कम्तिमा आगामी 5 बर्षसम्म असर पार्नेछ। यो हुनुबाट बच्ने मात्र एउटा उपाय हुनसक्छ :

- तपाईंको अर्को जागिर (वा तपाईंको हालको जागिर कायम राख्न समेत)।
- तपाईंको कार, घर र सरसामानहरूको लागि बीमा ।
- आवासको भाडा।
- व्यक्तिगत ऋण।
- तपाईंको अर्को छुट्टीको लागि यात्रा भिसा।

### के तपाईंलाई थाहा थियो?

युवा अपराधी ऐन (1997)  ट्राफिक अपराधमा लागु हुँदैन।

अदालतमा सवारी अपराधहरूको हकमा 16 बर्ष उमेरका सिकारु चालकहरूलाई पनि वयस्कलाई जस्तै व्यवहार गरिन्छ।



CUMBERLAND CITY COUNCIL

# अबैध यू-टर्नहरू

## सडक सुरक्षाको तथ्यपत्र


हालदेखि 30 जुन, 2025 सम्म


*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*


## अवैध यू-टर्न *अष्ट्रेलियाली सडक नियम -132 (2A)*

यदि निम्न स्थानहरूमा यू-टर्न गरेमा $410 + 3 डिमेरिट अंकहरूको जरिमाना जारी गर्न सकिन्छ :

- जहाँ एउटा निरन्तर रेखाले सडकको विभाजन गर्दछ ।
- जहाँ कुनै टुक्रिएको विभाजक रेखाको बायाँपट्टि एकल विभाजक रेखा रहेको छ।
- जहाँ दुईवटा समानान्तर निरन्तर विभाजित लाइनहरू अवस्थित छन् ।







## यु-टर्नसम्बन्धी अपराधहरू *अष्ट्रेलियाली सडक नियम -37-42*

अन्य यू-टर्न सम्बन्धि अपराध र जरिमानाहरू यस प्रकार छन् ::

| अपराध विवरण | जरिमाना + डिमेरिट अंकहरू | विद्यालय क्षेत्र जरिमाना + डिमेरिट अंकहरू |
|---|---|---|
| आइरहेको सवारी नहेरेर यु-टर्न गर्न सुरु गर्ने | $302 + 2 DP | $387 + 3 DP |
| चालकले सवारी अवरोध नगरेर सुरक्षित रूपमा यू-टर्न गर्न नसकेको | $320 + 2 DP | $410 + 3 DP |
| सवारी / पैदल यात्रीलाई बाटो नदिई यू-टर्न गर्ने | $387 + 2 DP | $514 + 4 DP |
| सङ्केत भन्दा विपरित विभाजक स्ट्रिपमा ब्रेकमा यूटर्न लिने | $302 + 2 DP | $410 + 3 DP |
| सङ्केत भन्दा विपरित सडकको लम्बाइमा यू-टर्न गर्दै | $320 + 2 DP | $387 + 3 DP |
| ट्राफिक लाइटहरू सहितको चौबाटोमा यू-टर्न गर्ने | $320 + 2 DP | $410 + 3 DP |
| सङ्केत भन्दा विपरित (लाइट नभएको) चौबाटोमा यू-टर्न गर्ने | $302 + 2 DP | $387 + 3 DP |
| नजिकको विभाजन रेखा / मध्य पट्टी लेनमा यू-टर्न सुरू नगर्ने | $320 + 2 DP | $410 + 3 DP |
| सडक बीचबाट बाँयातर्फ बाट यू-टर्न गर्न सुरू नगरेको | $320 + 2 DP | $387 + 3 DP |

# दूरी कायम गर्ने

## सडक सुरक्षासम्बन्धी तथ्यपत्र

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## पर्याप्त दूरी छोड्ने

सवारी चलाउँदा वा चढ्दा तपाईंले दुर्घटनाबाट जोगिनको लागि अगाडि के छ भनेर हेर्न जरुरी हुन्छ।

लगभग 3 वटा दुर्घटना मध्ये 1 दुर्घटना अगाडिको सवारीलाई पछाडिको सवारीले ठक्कर दिने हुन्छ। "3 सेकेण्डको दूरी" कायम गरेर सवारी चलाउनाले तपाईंले अगाडि के छ भनेर देख्ने र अर्को सवारीको पछाडि ठोकिनबाट बच्ने कुरा सुनिश्चित गर्न सक्नुहुन्छ।

उदाहरणको लागि यदि तपाईंले एउटा बच्चाले सडकमा बलको पछाडि दौडिरहेको देख्नु भएमा त्यहाँ के भईरहेको छ भनेर महसुस गर्न र तपाईंको खुट्टालाई एक्सेलेटरबाट माथि उठाउन तपाईंलाई कम्तिमा 1 सेकेण्ड लाग्छ । त्यसपछि मात्र तपाईंले ब्रेक लगाएर सवारीको गति कम गर्न थाल्नुहुन्छ।

फरक-फरक गतिमा तपाईंले ब्रेक पेडलमा आफ्नो खुट्टा राख्नु अघि तपाईंले कति टाढाको दूरीमा यात्रा गर्नुहुनेछ - र त्यसपछि पूर्ण रुपमा रोक्नको लागि तपाईंलाई कति समय लाग्छ भन्ने कुरा तलको चार्टले देखाउँछ।

सुक्खा सडकमा चालकले राम्रो ब्रेक र टायर भएको आधुनिक सवारी 50 किमि/घण्टाको गतिमा चलाउँदा 1.5 सेकेण्डको प्रतिक्रिया जनाउने समय सहितको तलको पहिलो गणनाले देखाउँछ। सुक्खा र भिजेको सडकमा 50 र 100 किमि/घण्टाको गतिको थप तुलना दिईएको छ।

*पुनश्च : यी गणनाहरू अष्ट्रेलियाली यातायात सुरक्षा ब्युरोको अनुरुप निर्देशनको लागि मात्र हुन्।*




| किमि/घण्टा | प्रतिक्रिया जनाउने दूरी | ब्रेक लगाउने दूरी | कुल मि |
| --- | --- | --- | --- |
| 50 | 21मि | 12मि | 33 |
| 50 ओजन | 21मि | 20मि | 41 |
| 100 | 42मि | 49मि | 81 |
| 100 वजन | 42मि | 79मि | 121 |

50 किमि/घण्टाको गतिमा सवारी चलाउँदा तपाईंको सवारी साधन 13.9 मि प्रति सेकेण्डको गतिमा बढ्छ। सवारी चालकको औषत प्रतिक्रिया जनाउने समय 1.5 सेकेण्ड हुँदा, 50 किमि/घण्टाको गतिमा चलाउँदा, तपाईंले **उक्त खतराको महसुस गर्दै** 21 मि दूरी परसम्म यात्रा गरिसकेको हुनुहुन्छ (पहिलो उदाहरण माथि देखाईएको छ)। त्यसैले आपतकालीन अवस्थामा रोकिनुपर्ने भएमा निम्न दुरी पछि 3 सेकेण्डको नियम पालना गर्नुपर्छ। यदि मौसम सुक्खाबाट भिजेको अवस्थामा परिवर्तन भएमा तपाईंले अझै धेरै दूरी कायम गर्नु पर्ने हुन्छ।

**अदालतको सामान्य अभ्यास :**

अवस्था अनुसार उचित ढंगले गति समायोजन नगर्दा प्राय: सवारी चालकले पछाडिबाट ठक्कर दिने दुर्घटना गर्छ।

# तीन सेकेण्डको नियम

## सडक सुरक्षाको तथ्यपत्र


*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## यो नियम कसरी लागु गर्ने।

रुख, पार्क गरेर राखेको कार, बिजुलीको खम्बा जस्ता अगाडिको बिन्दुमा अवस्थित स्थिर कुरा रोज्नुहोस्।

जब तपाईं भन्दा अगाडिको सवारीले सो बिन्दु पार गर्दछ तपाईंले यस्तो गणना सुरु गर्नुहोस् : 1,001 (एक हजार एक), 1,002 (एक हजार दुई), 1,003 (एक हजार तीन)।

यदि तपाईंले 1,003 सम्म गन्ती गर्नु भन्दा अगाडि नै तपाईं त्यस्त बिन्दुमा पुग्नु भएमा तपाईं अगाडिको सवारीको अति नजिक पुगिसक्नु भएको हुनाले आफ्नो सवारीको **गति कम** गर्नुहोस्।




पच्छ्याउने दूरीसम्बन्धी मुख्य सुरक्षाको विषय भनेको 1-2 सेकेण्डको त्यो छोटो समयमा तपाईंको गति र प्रतिक्रिया जनाउँदा तपाईंले पार गरेको दूरीको बीचमा के हुन्छ भनेर बुझ्नु नै हो ।

तपाईंले सवारी रोक्न लाग्ने कुल दूरी वास्तवमा तपाईंले प्रतिक्रिया जनाउँदा र ब्रेक लगाउँदा लाग्ने दूरीले कायम गर्दछ जसको अर्थ तपाईंले ब्रेक थिच्दा तपाईंको कार रोकिन लाग्ने दूरी हो।

चालकहरूको अवस्था, सडक, मौसम् एवं सवारीको अवस्थाअनुसार रोक्नको लागि लाग्ने दूरीहरू फरक-फरक हुन सक्छन्।

चालकले प्रतिक्रिया जनाउने समय भन्नाले चालकले खतरा देखेपछि उक्त खतरालाई आफ्नो मस्तिष्कले सो खतरा महसुस गर्दै तुरुन्तै प्रतिक्रिया गर्नुपर्ने कुरा महसुस गर्ने र उसले आफ्नो खुट्टालाई एक्सिलेटरबाट उठाएर ब्रेक पेडलसम्म लैजान लाग्ने समय (औषत 1.5 सेकेण्ड) हो। प्रतिक्रिया जनाउने गति विविध कुराहरूमा निर्भर गर्छ, त्यसैले त्यसमा एउटा वा विश्वव्यापी प्रतिक्रिया समय मान हुँदैन।

चालक (थकित, बिरामी, मातेको, उमेर, लिङ्ग), दृश्यस्पष्टता, दिनको समय, मानसिक भार, आकस्मिकता, अपेक्षा आदि जस्ता चरहरूमा निर्भर रहेर प्रतिक्रिया जनाउने समयको लागि 1 सेकेण्डदेखि 4 सेकेण्डसम्म लाग्न सक्छ।

**अर्को सवारीको पछाडि अति कम दूरी राखेर सवारी चलाउँदा सुरक्षित तरिकाले रोकिने सम्बन्धी** *अष्ट्रेलियाली सडक नियम - 126-127*

**जरिमाना : $514 + 3 डिमेरिट अंकहरू देखि**

CUMBERLAND CITY COUNCIL

# तिव्र गतिको जरिमानाहरू

## सडक सुरक्षाको तथ्यपत्र

जरिमानाहरू बिना सूचना परिवर्तन हुन सक्नेछ। *थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*
अहिलेदेखि 30 जुन, 2025 सम्म

## तिव्र गति उल्लङ्घनको जरिमानाहरू *अष्ट्रेलियाली सडक नियम - 20*

| सीमा भन्दा बढी किमि/घण्टा | जरिमाना तथा डिमेरिट अंकहरू | जरिमानाको श्रेणी | विद्यालय क्षेत्र जरिमाना तथा डिमेरिट अंकहरू |
|---|---|---|---|
| 1-10 | $145 + 4DP | L+P1+P2 लाइसेन्स * | $238 + 5DP |
| | $145+ 1DP | बिना प्रतिबन्धको लाइसेन्स | $238 + 2DP |
| | $429 + 1DP | >4.5 टन GVM ट्रक तथा कोच | $542 + 2DP |
| 11-20 | $316 + 4DP | L+P1+P2 लाइसेन्स * | $429 + 5DP |
| | $334 + 3DP | प्रतिबन्धरहित लाइसेन्स | $405 + 4DP |
| | $542 + 3DP | >4.5 टन GVM ट्रक तथा कोच | $715 + 4DP |
| 21-30 | $574 + 4DP | L+P1+P2 लाइसेन्स*<br>प्रतिबन्धरहित लाइसेन्स | $715 + 5DP |
| | $675 + 4DP | >4.5 टन GVM ट्रक तथा कोच | $811 + 5DP |
| 31-45 | $1,097 + 5DP | L+P1+P2 लाइसेन्स*<br>प्रतिबन्धरहित लाइसेन्स<br>>4.5 टन GVM ट्रक तथा कोच | $1,384 + 6DP |
| | $1,718 + 5DP | >12 टन GVM ट्रक तथा कोच | $1,713 + 6DP |
| | +लाइसेन्स खारेजी = कम्तीमा 3 महिना | | |
| 45 > | $2,959+ 6DP | L+P1+P2 लाइसेन्स*<br>प्रतिबन्धरहित लाइसेन्स<br>>4.5 टन GVM ट्रक तथा कोच | $2,967 + 7DP |
| | $4,485 + 6DP | >12 टन GVM ट्रक तथा कोच | $4,385 + 7DP |
| | +लाइसेन्स खारेजी = न्युनतम 6 महिना | | |

*

- कुनै पनि तिव्र गतिको उल्लङ्घनमा सिकारु तथा P1 प्लेट भएका चालकहरूको लाइसेन्स कम्तिमा तीन महिनाको लागि खारेज गरिनेछ।
- दोस्रो पटकको तिव्र गतिको उल्लङ्घनमा सिकारु तथा P2 प्लेट चालकहरूको लाइसेन्स कम्तिमा तीन महिनाको लागि खारेज गरिनेछ।
- 30 किमि/घण्टा भन्दा बढीको गति सीमा उल्लङ्घन गर्ने सिकारु एवं अस्थाई चालक तथा अन्य चालकहरूको लाइसेन्स तुरुन्त जफत गरी खारेज गरिनेछ।



# सिट बेल्टका जरिमानाहरू तथा बच्चाको सुरक्षात्मक सिटबेल्टहरू

### सडक सुरक्षाको तथ्यपत्र

जरिमानाहरू बिना सूचना परिवर्तन हुन सक्नेछ ।
अहिलेदेखि 30 जुन, 2025 सम्म

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

## सिट बेल्टका जरिमानाहरू *अष्ट्रेलियाली सडक नियम - 256-267*

| अपराधको किसिम | भुक्तानी कर्ता | जरिमाना + डिमेरिट अंकहरू |
|---|---|---|
| सवारी चालकले सिट बेल्ट नलगाएमा | सवारी चालक | $387 + 3DP |
| 1 जना यात्रुले सिट बेल्ट नलगाएमा | | $410 + 3DP |
| 2 जना यात्रुले सिट बेल्ट नलगाएमा | | $818 + 6DP |
| 3 जना यात्रुले सिट बेल्ट नलगाएमा | | $1,245+ 6DP |
| 4 जना यात्रुले सिट बेल्ट नलगाएमा | | $1,632 + 6DP |
| बालबालिकाहरूको उमेरअनुसार अनुमति नभएको सुरक्षात्मक सिटबेल्टहरूको हकमा | | $387 + 3DP |
| यात्रुले सिट बेल्ट नलगाएमा | यात्रु (यदि 16 बर्ष भन्दा माथि भएमा) | $387 |
| यात्रुले साझा गरेर सिट बेल्ट लगाएमा | | $387 |



### बालबालिकाहरू < 6 महिना

**आवश्यक पर्ने : पछाडितिर फर्किएको सुरक्षात्मक सिटबेल्ट**



### 6 महिना -4 बर्षका बालबालिकाहरू

**आवश्यक पर्ने : अगाडि वा पछाडितिर फर्किएको सुरक्षात्मक सिटबेल्ट**



### 4 - 7 बर्षका बालबालिकाहरू

**आवश्यक पर्ने : अगाडितिर फर्किएको सुरक्षात्मक सिटबेल्ट वा बुस्टर सिट**

- 4 बर्ष भन्दा मुनिका बालबालिकाहरू दुई वा सोभन्दा बढी पंक्ति भएको सवारीको अघिल्लो सिटमा बसेर यात्रा गर्न सक्दैनन् ।
- सवारीको पछाडिका अन्य सिटहरूमा 7 बर्ष भन्दा मुनिका बच्चाहरू सुरक्षात्मक सिटबेल्ट वा बुस्टर सिटमा बसेको बाहेकको अवस्थामा बाहेक 4 देखि 7 बर्ष मुनिका बालबालिकाहरू दुई वा सोभन्दा बढी पंक्ति भएको सवारीको अघिल्लो सिटमा बसेर यात्रा गर्न सक्दैनन् ।

यदि कुनै बच्चाले आफ्नो उमेर अनुसारको अनुमति प्राप्त सुरक्षात्मक सिटबेल्ट लगाएर यात्रा गरिरहेको छैन भने तपाईंलाई $387 + 3 **डिमेरिट अंकको** जरिमाना तिराइन सकिनेछ ।

# गतिका प्रतिबन्धहरू - विद्यालय क्षेत्रहरू

## सडक सुरक्षाको तथ्यपत्र

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

अहिलेसम्म तपाईं विद्यालय वरपर हुने

'Go 40 For Me' अंकित सडक सङ्केतहरूको बारेमा जानकार भएको हुनुपर्दछ।

धेरै चालकहरू विद्यालय क्षेत्रहरूमा 40 kmph वा सोभन्दा कम गतिमा सवारी चलाएर सही काम गरिरहेका छन्। परिणामस्वरूप बालबालिकाहरू विद्यालय जाँदा आउँदा सुरक्षित हुन्छन्।

**गति सीमा किन 40 kph हुनुपर्दछ ?**

पेशेवर चालक तथा अनुसन्धाताहरूको परीक्षणहरूले तपाईं जति तीव्र गतिमा यात्रा गर्नुहुन्छ दुर्घटना हुँदा उति नै बढी क्षति हुन्छ भन्ने पुष्टि गरेका छन्।

60 kmph को गतिमा रहेको सवारीले ठक्कर दिँदा 15% बालबालिकाहरू मात्र बाँच्छन्। यदि 50 kmph को गतिमा रहेको सवारीले ठक्कर दिएमा 55% बाँच्छन्। यदि 40kmph को गतिमा रहेको सवारीले ठक्कर दिएमा, 75% बालबालिकाहरू बाँच्छन्।

तपाईं जति कम गतिमा यात्रा गर्नु हुन्छ तपाईंले आफ्नो सवारीले दौडेर, हिडेर वा ठोक्किने बालबालिकाहरूको ज्यान लिने सम्भावना त्यति नै कम हुन्छ।

सवारी रोकिन कति समय लाग्ने भन्ने कुरामा गतिको पनि ठुलो असर हुन्छ। यदि कुनै बच्चा सडकतिर दौडदै छ वा पार्क गरेर राखिएको कारबाट एक्कासी निस्किएमा तपाईंले उसलाई देखेको समयबाट न्युनतम देहायको दूरी लाग्छ :

- 40 kmph मा रोकिन 18 मिटरको दूरी
- 50 kmph मा रोकिन 27 मिटरको दूरी
- 60 kmph मा रोकिन 39 मिटरको दूरी

तपाईंका ब्रेकहरू जतिसुकै राम्रा भए पनि साधारण सडकहरूमा यी दूरीहरू सबै कार र मोटरसाइकलहरूको लागि लागु हुन्छन्। यदि तपाईं चिप्लनुभएमा वा टायर र ब्रेकहरू खिइएका छन् भने सवारी रोकिन अझै बढी समय लाग्छ। याद राख्नुहोस, तपाईं जति विस्तारै यात्रा गर्नुहुन्छ त्यति नै छिटो रोकिन सक्नुहुन्छ।


बच्चाहरूले फुटपाथमा के गर्दैछन् भन्ने कुरामा ध्यान दिनुहोस्। यदि तपाईंलाई कार भित्रको कुनै कुराले ध्यान भंग गरेमा तपाईंले कुनै बच्चालाई ठक्कर दिनु अघि उसलाई नदेख्न पनि सक्नुहुन्छ।

विद्यालय क्षेत्रमा बच्चालाई ठक्कर दिनबाट बच्नको लागि :

- सावधान रहनुहोस्।
- 40kmph मा वा सो सीमा भन्दा विस्तारै सवारी हाँक्नुहोस्।
- शान्त रहनुहोस् र नचिप्लनुहोस्।
- तपाईंका टायर र ब्रेकहरूले राम्ररी काम गर्न सक्ने अवस्थामा छन् भन्ने सुनिश्चित गर्नुहोस्।
- बच्चाहरूले अनपेक्षित हर्कत गर्न सक्छन् भन्ने अपेक्षा गर्नुहोस्।

तपाईंले विस्तारै र सावधानीपूर्वक सवारी चलाउनाले तथा ब्रेक माथि आफ्नो खुट्टा राख्ने गर्नाले बच्चाहरूले के गर्दैछन् भन्ने हेर्नको लागि आफैंलाई बढी समय दिनुहुन्छ वा कसैलाई चोट नलगाई सवारीको गति कम गर्न वा रोक्न सक्नुहुन्छ।



# गतिका प्रतिबन्धहरू आवास क्षेत्रहरू

## सडक सुरक्षाको तथ्यपत्र

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

नोभेम्बर 2003 देखि नै NSW क्षेत्रहरूमा सहरी गति सीमा 50 kmph रहिआएको छ।

धेरै चालकहरूले सही कार्य गरिरहेका छन् र आवास क्षेत्रहरूमा 50 kmph वा सोभन्दा कम गतिमा सवारी चलाईरहेका छन्। दुर्भाग्यवस, काउन्सिल परीक्षणहरूले केही चालकहरूले आवास क्षेत्रका गल्लिहरूमा यात्रा गर्दा 60 kmph भन्दा बढी गतिमा सवारी चलाउने गरेको देखाउँछ।

**गति सीमा किन 50 kmph हुनु पर्दछ ?**

तपाईं जति तिव्र यात्रा गर्नुहुन्छ सवारी रोक्न उति नै बढी समय लाग्छ र दुर्घटनामा उति नै बढी क्षति हुन्छ, विशेषत: बालबालिका र बृद्ध/वृद्धहरूको लागि।

ठक्करका तथ्यांकहरूले 60 kmph मा यात्रारत सवारीले ठक्कर दिँदा 15% बालबालिकाहरू मात्र बाँच्छन् भन्ने देखाउँछ। 50 kmph मा यात्रा गरिरहेका सवारीले ठक्कर दिँदा 55% बालबालिकाहरू बाँच्छन्।

तपाईं जति कम गतिमा यात्रा गर्नु हुन्छ तपाईंले आफ्नो सवारीमा दौडेर, हिडेर वा ठोक्किने बालबालिकाहरूको ज्यान लिने सम्भावना त्यति नै कम हुन्छ। यो कुरा बृद्ध पैदल यात्रीहरूको लागि पनि महत्वपूर्ण छ। उनीहरूलाई सडक पार गर्न प्राय: अलिक बढी नै समय लाग्दछ

त्यसैले 50 kmph भन्दा कम गतिमा यात्रा गर्नाले उनीहरूले सुरक्षित तवरले सडक पार गर्न यथेष्ट समय पाउँछन्।

केही आवास क्षेत्रका गल्लिहरूमा 50 kmph गति सीमा भन्दा कम गतिमा यात्रा गर्नु अझै राम्रो हुन्छ किनभने तपाईंको फुटपाथ एवं ड्राइभवे हेर्ने दृष्टि रुख, फोहोर राख्ने भाँडा एवं अन्य पार्किङ गरी राखेका सवारीहरूले छेकेका हुन सक्छन्।

**गति = दूरी = समय**

भौतिक शास्त्रका नियमहरूले तपाईं जति तिव्र गतिमा यात्रा गर्नु हुन्छ तपाईंले आपतकालीन अवस्थामा के गर्ने भन्ने निर्णय लिने समयमा त्यति नै टाढाको दूरी पार गर्नुहुन्छ भन्ने प्रमाणित गरेका छन्। उदाहरणको लागि यदि कुनै पैदल यात्री कुनै झाडी, फोहोर राख्ने भाँडो वा पार्किङ गरी राखेका सवारीबाट निस्किँदा तपाईंले उसलाई देखेको समयदेखि आफ्नो खुट्टा एक्सिलेटरबाट उठाउन लगभग एक सेकेण्ड समय लाग्छ।

त्यो एक सेकेण्डको समयमा 50 kmph गतिमा हुँदा तपाईंले 13.9 मिटर दूरी पार गरिसक्नुभएको हुन्छ। 60 kmph गतिमा तपाईंले 16.7 मिटर दूरी पार गरिसक्नुभएको हुन्छ। त्यो पनि तपाईं सजगताको साथ एकाग्र भएर सवारी चलाईरहनु भएको छ भने मात्र। यो बिन्दुमा तपाईं अझै रोकिनु हुन्न।

50 kmph मा तपाईं रोकिनु अघि तपाईंले कम्तिमा अरु 11 मिटर दूरी पार गरिसक्नुभएको हुनेछ। त्यो तपाईंले कसैलाई देखेर रोकिन 25 मिटर भन्दा बढी दूरी रहन्छ। यदि तपाईं थप 10 kmph बढी गतिमा यात्रा गरिरहनु भएमा तपाईंले उक्त व्यक्तिलाई देखेको समयदेखि उक्त सवारी रोकिनु पूर्व 32 मिटर यात्रा गरिसकेको हुनेछ। उक्त समय र दूरीहरू साधारण सडकहरूमा सबै चालकहरूको लागि लागु हुन्छन्।

तपाईं जति विस्तारै यात्रा गर्नुहुन्छ तपाईंले कुनै पैदल यात्रीलाई देख्ने र रोक्ने त्यति नै बढी समय रहन्छ।

फुटपाथमा विशेषगरी बालबालिकाहरू तथा पैदल यात्रीहरू के गर्दैछन् भन्ने कुरामा ध्यान दिनुहोस्। यदि तपाईंलाई कारमा केही कुराले ध्यान भंग गरेको छ भने तपाईंले कुनै बच्चालाई किच्नु अघिसम्म उसलाई देख्नु नै भएको हुँदैन।

पैदल यात्रीहरूलाई ठक्कर दिने सम्भावना कम गर्न वा सोबाट जोगिनको लागि :

- सतर्क रहनुहोस् - वरपर हेर्नुहोस्।
- आवास क्षेत्रहरूमा 50kmph गति सीमामा वा सोभन्दा कम गतिमा सवारी चलाउनुहोस्।
- शान्त रहनुहोस् र नचिप्लनुहोस्।
- तपाईंका टायर र ब्रेकहरूले राम्ररी काम गर्ने अवस्थामा छन् भन्ने सुनिश्चित गर्नुहोस्।
- बच्चा र अन्य सवारीहरूले अप्रत्यासित हर्कत गर्न सक्छन् भन्ने अपेक्षा गर्नुहोस्।



# लाइसेन्सको जरिमानाहरू
## सडक सुरक्षाको तथ्यपत्र

जरिमानाहरू बिना सूचना परिवर्तन हुन सक्नेछ । *थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*
अहिलेदेखि 30 जुन, 2025 सम्म

### अयोग्य, रद्द गरिएको वा खारेज भएको लाइसेन्स लिएर सवारी चलाउँदा (यसमा अस्वीकृत लाइसेन्स पनि समावेश छ)

| | पहिलो पटकको गल्ति | पाँच बर्षमा दुई वा सोभन्दा बढी गल्तीहरू |
|---|---|---|
| अदालतले तोकेको जरिमाना | $3,300 सम्म | $5,500 सम्म |
| जेल सजाय | 18 महिनासम्म | दुई बर्षसम्म |
| अतिरिक्त लाइसेन्स अयोग्यता | 12 महिनादेखि असीमित | दुई बर्षदेखि असीमित |
| यदि कुनै विशेष अदालतको आदेश नभएमा अतिरिक्त लाइसेन्सको अयोग्यता | तीन महिना | दुई बर्ष |

### अष्ट्रेलियाली लाइसेन्स बिना सवारी चलाएमा वा चढेमा

| | पहिलो पटकको गल्ति | पाँच बर्षमा दुई वा सोभन्दा बढी गल्तीहरू |
|---|---|---|
| जरिमानाको सूचना | $987 | N/A |
| अदालतले तोकेको जरिमाना | $2,200 सम्म | $3,300 सम्म |
| जेल सजाय | N/A | 18 महिनासम्म |
| अतिरिक्त लाइसेन्स अयोग्यता | असिमित | न्यूनतम तीन बर्ष |

*यदि कसैले म्याद समाप्त भएको विदेशी लाइसेन्स लिएर सवारी चलाएमा "कहिल्यै लाइसेन्स नलिई सवारी चलाएको" उल्लङ्घन ठहर्छ ।*

### म्याद समाप्त भएको लाइसेन्स लिएर सवारी चलाउने वा चढ्ने

| | पहिलो पटकको गल्ति | पाँच बर्षमा दुई वा सोभन्दा बढी गल्तीहरू |
|---|---|---|
| विगत दुई बर्ष भित्र लाइसेन्सको म्याद समाप्त भएको | $644 | $1,045 |
| दुई बर्ष भन्दा बढी समयदेखि लाइसेन्सको म्याद समाप्त भएको | $772 | $1,545 |

### तपाईंसँग भएको भन्दा उच्च श्रेणीको लाइसेन्स आवश्यक पर्ने सवारी चलाउने वा चढ्ने

| | पहिलो पटकको गल्ति | पाँच बर्षमा दुई वा सोभन्दा बढी गल्तीहरू |
|---|---|---|
| श्रेणी C, R, ıR वा MR लाइसेन्स | $644 | $987 |
| श्रेणी HR, HC वा MC लाइसेन्स | $818 | $1,545 |

*उदाहरण : तपाईंसँग कारको लाइसेन्स मात्र छ तर तपाईं मोटरसाइकल चलाउनु हुन्छ - पहिलो उल्लङ्घन= $644*

सवारी धनीको रुपमा, तपाईंको सवारी चलाउने वा चढ्ने व्यक्तिसँग सही लाइसेन्स छ भन्ने कुरा तपाईंले जाँच गर्नु आवश्यक छ । उल्लङ्घन गर्न 'दिएर' तपाईंले सम्भावित रुपमा आफैंले जरिमाना तिर्ने जोखिममा आफूलाई राखिरहनु भएको हुनसक्छ । सामान्यतया यो सजाय चालक वा चढ्नेको सजाय जस्तै हुन्छ ।

यदि तपाईंले उनीहरूसँग लाइसेन्स नभएको वा सही लाइसेन्स नभएको थाहा नभएको भन्ने दावी गर्नु भएमा वा तपाईंले उनीहरूको लाइसेन्स जाँच नगर्नु भएको कसुरमा तपाईंले जरिमाना तिर्नु पर्ने हुनसक्छ ($129) ।

# विद्यालय क्षेत्रहरूमा सुरक्षित सुपरिवेक्षण

## सडक सुरक्षाको तथ्यपत्र

*थप जानकारीको लागि काउन्सिलको सडक सुरक्षा अधिकारीलाई 8757 9000 मा सम्पर्क गर्नुहोस्*

धेरै सवारी चालकहरूले विद्यालय वरपर आफ्ना बालबालिकाहरूको सुपरिवेक्षण गरेर सही काम गरिरहेका छन्। परिणामस्वरूप बालबालिकाहरू विद्यालय जाँदा आउँदा सुरक्षित हुन्छन्।

यो तथ्य पत्रले विद्यालय क्षेत्रहरूमा बालबालिकाहरूलाई सुपरिवेक्षण गर्ने बारेमा उपयोगी उपाय स्मरण गराउँछ।

**कर्ब क्षेत्र सुरक्षित क्षेत्र हो**

केही विद्यालयहरूको कार पार्किङ गर्ने ठाउँ हुँदैन, वा व्यस्त भएको कारण तपाईंले त्यसको प्रयोग गर्नु हुन्न। तपाईंले सुरक्षित र बैध तरिकाले आफ्नो सवारी पार्किङ नगरेसम्म आफ्ना बालबालिकाहरूलाई सवारी भित्रै राख्नुहोस्। उनीहरू सवारीबाट बाहिर निक्लिनु वा पस्नु अघि कर्बमा पार्क गर्नुहोस्।

**आफ्ना बच्चाहरूलाई गेटसम्म हिडाएर पुर्याउनुहोस्**

यसको लागि केही समय मात्र लाग्छ। बिहानी र दिउँसो तपाईंका बच्चाहरूलाई सुरक्षित तवरले सडक पार गर्न सिकाउँदै विद्यालयको गेटदेखि र गेटसम्म हिंडाउनुहोस्।

**आफ्ना बच्चाहरूलाई सडक पार गर्न मद्दत गर्नुहोस्**

विद्यालय क्षेत्रहरूमा बच्चाहरूलाई खतराको बारेमा सबै चालकहरू सचेत हुँदैनन्। पैदल यात्रीले सडक पार गर्ने ठाउँ वा ट्राफिक लाइटहरूमा आफ्ना बच्चाहरूलाई सडक पार गर्न मद्दत गर्नुहोस्। उनीहरूसँगै हिड्नुहोस् र उदाहरण देखाउनुहोस्।

आफ्ना बच्चाहरूलाई निम्न कुराहरू सिकाउनुहोस् :

- कर्बमा **रोकिन**
- खतरा छ कि भनेर **हेर्न**
- खतरा छ कि भनेर **सुन्न**
- खतरा टरुन्जेल **पर्खन**

कुनै दिन तपाईंले तपाईंका बच्चाहरूलाई विद्यालय पुर्याईदिन वा विद्यालयबाट लिएर आउन कसैलाई अह्राउनु पर्ने हुनसक्छ।

आफ्ना बच्चाहरूलाई सडक पार गर्दा कसरी सुरक्षित हुने भन्ने बारेमा राम्ररी थाहा छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।

